# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८२/८३

च.नं.: ६४८

मिति : २०८२/०८/२४

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

तपसिल :

मिति : २०८२/०८/२६ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : बिहानको ११:०० बजे

.............................
(जीवलाल भुसाल)
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकिय अधिकृत

@hellobaudikali @hellobaudikali baudikalimun@gmail.com 9857046264

CamScanner

## मिति २०८२/०८/२६ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. पूर्व निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

२. इल्दी खोला पूल निर्माण सम्बन्धमा ।

३. विविध विषयका सम्बन्धमा ।

४. महोत्सव सहयोग

५. खिउरा - रोपलामा

६. टिप्पर भाडामा

(७) मलेप प्रतिवेदन बमोजिम प्रिती रघुनाथिक

(८) विपन्नता ~~[illegible] समिति~~ नागरिक

(९) [illegible] लागत [illegible]

(१०) उद्योग वाणिज्य संघ

(११)

नि. प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८२/०८/२६ गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष **श्री प्रकाश ओझा** ज्यूको अध्यक्षतामा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति :**

| क्र.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | वडा अध्यक्ष, वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | | श्री बुद्धि प्रसाद सुवेदी | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| अन्य उपस्थिति | | | |
| | | श्री दिलिप खाँण | इन्जिनियर |
| | | श्री जीवलाल भुसाल | शिक्षा अधिकृत |
| | | श्री मिलन श्रेष्ठ | सूचना प्रविधि अधिकृत |
| | | श्री कृष्ण प्रसाद दाहाल | आ.ले.प. सहायक |
| | | श्री मनोज कोइराला | बौदीकाली गाउँपालिका अध्यक्षको सचिवालय |

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०८/२६ गतेको आ.व. २०८२/०८३ को छैठौं बैठकका निर्णयहरु :

**निर्णय नं.१ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा पूर्व बैठकको निर्णय कार्यान्वयनको सन्दर्भमा बैठकमा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा संघीय समपूरक अन्तर्गतको बजेट इल्दी खोला मोटरेवल पूल निर्माणको सम्बन्धमा २०८२ साल मङ्सिर महिना भित्र नै ठेक्का खोल्नुपर्ने अवस्था र प्राविधिक रुपमा रु. ६,४८,८३,२७३/- (छ करोड अड्चालिस लाख त्रियासी हजार दुई सय त्रिहत्तर रुपैया) लागत अनुमान अनिवार्य हुनुपर्ने प्राविधिक प्रतिवेदन अनुसार यस आयोजनालाई पालिकाको गौरवको योजनाको रुपमा विस्तार गर्दै दुई आर्थिक वर्ष आवश्यक बजेट व्यवस्था हुने गरी आगामी हिउँदे अधिवेशन (१५ औं गाउँ सभा) बाट सम्बोधन रहने गरी बजेट सुनिश्चित गरी हाललाई रकम रु. ६,४८,८३,२७३/- (छ करोड अड्चालिस लाख त्रियासी हजार दुई सय त्रिहत्तर रुपैया) को लागत अनुमान कायम हुने गरी ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३:**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- आर्थिक वर्ष २०८१/०८२ को लेखापरिक्षणका क्रममा संघीय समपूरक अन्तर्गतको बजेट बौदीकाली चक्रपथ (चापाभन्ज्यांग-राईका हुदै सवारी पूल) सडक स्तरोन्नतिको काममा रु. ३,६१,७३७.५०/- (तिन लाख एकसट्ठी हजार सात सय सैंतिस रुपैया पचास पैसा) संघीय सरकारबाट बढी निकासा भएकोमा सो रकम संघीय सरकारलाई **"तिर्न बाँकी कर एवं प्रदेश र संघ दायित्वहरु"** शिर्षकबाट फिर्ता गर्ने निर्णय गरियो ।
- गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालय, पोखराको प.सं. २०८२/०८३ च.नं. २५४ मिति २०८२/०८/०८ गतेको प्राकृतिक स्रोत शुल्क सम्बन्धी पत्र प्राप्त भई व्यहोरा अवगत भयो । नेपाल सरकारको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्रि व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १४ मा स्थानीय तहले साधारण निर्माणमुखी खानीजन्य र नदिजन्य पदार्थको बिक्रि एवं अनुमती वा नवीकरण शुल्क वा करबाट संकलित राजस्वमध्ये साठी प्रतिशत रकम सम्बन्धित स्थानीय संचित कोषमा र चालिस प्रतिशत रकम सम्बन्धित प्रदेश सरकारको प्रदेश संचित कोषमा जम्मा हुने गरी बाँडफाँट गर्नुपर्ने व्यवस्था रहेको (गण्डकी

CamScanner

प्रदेश सरकारको आर्थिक ऐन, २०८२ को दफा ८) र आर्थिक वर्ष २०८१/०८२ को लेखापरिक्षणका क्रममा दहत्तर बहत्तरको रकम संघ, प्रदेश र स्थानीय तहमा बाँडफाँट गर्न बाँकी देखिएकोमा करहरु संघ सरकारमा, बाँकीको चालिस प्रतिशत प्रदेश सरकार र साठी प्रतिशत स्थानीय तह संचित कोषमा बाँडफाँट गर्ने निर्णय गरियो ।

- माध्यमिक शिक्षा परिक्षा, २०८१ मा गाउँपालिकामा उत्कृष्ट हुन सफल बौदीकाली-३, स्थित श्री बेलभञ्ज्याङ्ग माध्यमिक विद्यालयलाई गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम तर्फको **"माध्यमिक शिक्षा परिक्षामा उत्कृष्ट विद्यालय सम्मान प्याकेज"** शिर्षकबाट स्मार्ट बोर्ड खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।
- जिल्ला खेलकुद विकास समिति, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) वाट संचालन भएको १८ औं जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी हुँदा सहभागी शुल्क स्वरूप खेलकुद विकास समितिलाई दिनुपर्ने रकम रु. २५,०००/- (पच्चीस हजार मात्र) **"खेलकुद प्रवर्द्धनको लागि खेलाडी प्रोत्साहन"** शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।
- विद्यालयको स्वर्ण जयन्तिको अवसरमा विद्यालयहरुले मनाउने स्वर्ण महोत्सव कार्यक्रमको लागि गाउँपालिकाको तर्फबाट सबै विद्यालयलाई अधिकतम रु. १,००,०००/- (एक लाख रुपैया) सम्म आर्थिक सहयोग उपलब्ध गराउन शिक्षा समितिबाट सिफारिस भएको हुँदा सोहि अनुसार गर्ने भनी निर्णय गरियो ।
- नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (मा.मन्त्रीस्तर) को मिति २०८०/०८/०६ गतेको निर्णयबाट "विपन्न नागरिक औषधी उपचार कार्यक्रम संचालन निर्देशिका, २०८०" स्वीकृत भएको जानकारी प्राप्त भयो । सोहि निर्देशिकाको दफा ४ मा उल्लेख भए बमोजिम आर्थिक रुपले विपन्न नागरिकहरुलाई औषधी उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनको लागि तपसिल बमोजिमको सिफारिस समिति रहने निर्णय गरियो ।

| | |
|---|---|
| श्री प्रकाश ओझा (अध्यक्ष) | संयोजक |
| श्री राकेश कुमार चौधरी (प्र.प्र.अ.) | सदस्य |
| श्री मेघ बहादुर ठाडा (स्वास्थ्य शाखा प्रमुख) | सदस्य सचिव |

- All Weather Road को अवधारणालाई मध्यनजर गर्दै बौदीकाली गाउँपालिकाको विभिन्न मुख्य सडकहरुमा प्राविधिकको लागत अनुमान बमोजिम आवश्यकता अनुसार टिप्पर भाडामा लिई सडक ग्राभेल गर्न सो को लागि आगामी विधायन अधिवेशनमा बजेट सुनिश्चितता गर्ने निर्णय गरियो ।
- बौदीकाली-४, रुचाङ्ग निवासी ना.प्र.प.नं. ७७-०१-८०-०१८१८ कि तिल माया घर्ती मगरको आर्थिक सहयोगको लागि निवेदन प्राप्त भई व्यहोरा अवगत भयो । निज व्यक्ति घाँस काट्न

जाँदा रुखबाट लडी ढाड भाँचिएको र घरको आर्थिक अवस्था अत्यन्तै न्यून भएको, आम्दानीको अन्य स्रोत केहि पनि नभएको कारण औषधी उपचार गर्न आर्थिक समस्या भएको भनी निवेदन प्राप्त भएकोले रु.२००००/- (बिस हजार रुपैया) "राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- प्रदेश खेलकुद परिषद्, गण्डकी प्रदेश, पोखरा, नेपालको प.सं. २०८२/०८३ च.नं. १५२ मिति २०८२/०८/२३ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो पत्रानुसार नवलपरासी (ब.सु.पू.) को बौदीकाली/बुलिङ्टार गाउँपालिका, गैंडाकोट नगरपालिका र तनहुँको घिरिङ्ग/रिसीङ्ग/देवघाट गाउँपालिका हुँदै बग्ने कालीगण्डकी नदिको साँवरीघाट देखि देवघाटसम्म साहसिक खेल अन्तर्गत पर्ने र्याफ्टिङ/कायोकिङ्ग प्रतियोगिता संचालनका लागि विवरण माग भई आएकोले विवरण उपलब्ध गराउने निर्णय गरियो । साथै उक्त साहसिक खेल संचालनका लागि यस गाउँपालिकाले आवश्यक समन्वय र सहकार्य गर्ने समेत निर्णय गरियो ।
- नेपाल सरकार र हरित जलवायु कोष अन्तर्गत "हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणको लागि खाना पकाउने आधुनिक, दक्ष तथा जलवायु मैत्री स्वच्छ उर्जाको प्रवर्द्धन" नामक स्वच्छ चुलो कार्यक्रम सम्वन्धी वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र बौदीकाली गाउँपालिकाको कार्यालय बीच सम्झौता भएको छ । सोहि सम्झौतालाई आधार मानी बौदीकाली स्थित सम्पूर्ण विद्यालयहरुमा बायो ग्यास (गोबर ग्यास) जडान गर्न पहल गर्ने निर्णय गरियो ।
- १८ औं जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा यस गाउँपालिकाबाट सहभागी भई विभिन्न विधामा पदक जित्न सफल विद्यार्थीहरुलाई **"खेलकुद प्रवर्द्धनको लागि खेलाडी प्रोत्साहन कार्यक्रम"** शिर्षकवाट तपसिल बमोजिम सम्मान गर्ने निर्णय गरियो।

तपसिल :

| क्र.सं. | पदक | नगद | कैफियत |
|---|---|---|---|
| १ | स्वर्ण | २५००/- | नगद पुरस्कारको सट्टा सो बराबरको जिन्सी सामाग्री उपलब्ध गराउन सकिने |
| २ | रजत | २०००/- | |
| ३ | कास्य | १५००/- | |

- मिति २०८१/०३/२२ गतेको गाउँकार्यपालिका बैठकको निर्णय अनुसार बौदीकाली-२, डेढगाउँ स्थित श्री डेढगाउँ माध्यमिक विद्यालयको प.सं. २०८१/०८२ च.नं. २२४ मिति २०८२/०३/१८ गतेको प्राप्त पत्र अनुसार विद्यालयमा खानेपानी समस्या विगत लामो समयदेखि रही आएको र समाधानमा धेरै उपाय बारेमा छलफल हुँदा समेत पानीको मुहान नजिक नहुँदा अत्यन्तै असहज भएकोले विद्यालयसम्म पानी ल्याउन ५०० मिटर

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०८/२६ गतेको आ.व. २०८२/०८३ को छैठौं बैठकका निर्णयहरु :

१६mm/२०mm को पाइप माग भई आएकोले प्राविधिक लागत अनुमान बमोजिम खानेपानी पाइप खरिद गरी उक्त विद्यालयलाई उपलब्ध गराउने भनी निर्णय गरीएकोमा विशेष कारणवश सो कार्य अधुरो रहेकोले विशेष प्राथमिकतामा राखी मिति २०८२/०८/११ गतेको निर्णयमा उल्लेख गरिएको पाइप वितरण सम्बन्धी निर्णय अनुसार उक्त विद्यालयमा "खानेपानी तथा सिंचाई पाइप खरिद" शिर्षकवाट निःशुल्क पाइप वितरण गर्ने निर्णय गरियो ।

CamScanner